# सहिदभूमि गाउँपालिकाको विनियोजन विधेयक, २०७८

**सहिदभूमि गाउँपालिकाको आर्थिक बर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक २०७७**

गाउँसभाबाट स्वीकृत मितिः २०७८/०३/२४.

**प्रस्तावना**

सहिदभूमि गाउँपालिकाको आर्थिक बर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम सहिदभूमि गाउँसभाले यो विधयेक बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः**

(१)यस ऐनको नाम **"सहिदभूमि गाउँपालिका विनियोजन ऐन, २०७८"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा

क. गाउँसभा भन्नाले सहिदभूमि गाउँपालिकाको सभालाई संभ्कनु पर्दछ ।

ख. कार्यपालिका भन्नाले सहिदभूमि कार्यपालिकालाई संभ्कनु पर्दछ ।

ग. वडा समिति भन्नाले सहिदभूमि गाउँपालिकाको वडा समिति संभ्कनु पर्दछ ।

घ. विषयगत शाखा भन्नाले सहिदभूमि गाउँपालिका अन्तर्गतको शाखा, आयोजना सचिवालय, इकाई, कार्यालय तथा प्रशासनिक इकाईलाई समेत संभ्कनु पर्दछ ।

ङ. संचित कोष भन्नाले सहिदभूमि गाउँपालिकाको संचित कोषलाई संभ्कनु पर्दछ ।

३.**आर्थिक वर्ष २०७८/०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१)आर्थिक वर्ष २०७८/०७९ को निमित्त सहिदभूमि गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च रु. २६,५४,०५,३८०।- (छब्बिस करोड चौवन्न लाख पाँच हजार तीन सय असी मात्र) पूँजिगत खर्च रु. १७,९५,५०,६९०।-(सत्र करोड पन्चानब्बे लाख पचास हजार छसय नब्बे मात्र) (वित्तिय व्यवस्था र सामाजिक सुरक्षा भत्ता बाहेक) मा नघटाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

४. **विनियोजन:** (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८/०७९ को लागि सहिदभूमि गाउँपालिका, गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा कार्य कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।